कोशी र मधेस प्रदेशमा मुटुपरीक्षण

(२०८३ वैशाख २३ देखि ३० सम्म)

आठजना चिकित्सक सहितको १५ सदस्यीय प्राविधिक समूह र अन्य चारजना स्वयंसेवीहरू समेत गरी १९ जनाको टोलीले आठ दिनको अवधिमा मधेश प्रदेशको सिरहा जिल्ला र कोशी प्रदेशको उदयपुर, सुनसरी, भोजपुर, संखुवासभा, धनकुटा र मोरङ जिल्लाहरूमा मुटुपरीक्षण लगायत अन्य विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ । टोलीमा संलग्न व्यक्तिहरू एवं मुटुपरीक्षण कार्यक्रमको फेहरिस्त *अनुसूची १* मा प्रस्तुत गरिएको छ।

टोलीलाई दुई समूहमा विभाजन गरी प्रत्येक जिल्लामा परीक्षण कार्य गरिएको थियो । परीक्षण पश्चात् मुटुरोगको सम्भावना भएकामध्ये औषधि मात्र सेवन गरे पुग्नेहरूलाई केही मात्रामा औषधिहरु परीक्षणस्थलमै वितरण गरियो । थप उपचार गर्नुपर्नेहरूका हकमा भने सम्भव भएसम्मका मातापिता वा संरक्षकलाई र उपलब्ध नभएकाहरूका हकमा विद्यालयका प्रधानाध्यापकलाई सम्झाई बुझाई अब गर्नुपर्ने कार्यहरूका बारेमा अवगत गराउने कार्य भएको छ ।

यसपटक, मुख्यमुख्य कार्यक्रमहरू संयोजन गर्नमा जिल्लाका प्रतिष्ठानका संरचनाहरूले स्थानीय सरकारसँग निकै राम्रो तवरले समन्वय गरी सुचारु गर्नुका साथै उपलब्धिमूलक समेत हुनमा ठूलो मद्दत पुगेको छ ।

मुटुपरीक्षण गरिएका सबै जिल्लाहरूमा कुनै न कुनै स्तरका स्थानीय सरकारका पदाधिकारीहरूसँग भेटघाट एवं छलफल सम्भव भएको थियो । उहाँहरूसँगको भेटमा प्रतिष्ठानका तर्फबाट सहकार्यका लागि सम्भावना भएका क्षेत्रहरूका बारेमा सविस्तार अनुरोध गर्ने कार्य भएको छ । टोलीले समग्रमा, हाम्रा जिज्ञासाहरू बारे उहाँहरू सकारात्मक रहनुभएको पाएको छ । सहकार्यका क्षेत्रहरूमा प्रमुख रूपमा चेतना अभिवृद्धि गर्ने कार्यमा जिल्ला विशेषमा सम्भव भएसम्म प्रचारप्रसार सामग्री प्रकाशन एवं वितरण गर्ने, होर्डिङ बोर्डहरू मुख्य मुख्य स्थलहरूमा राख्ने, स्थानीय एफएम तथा सञ्चारका अन्य माध्यमहरूमा मुटुरोगबाट जोगिने विषयहरु प्रचारप्रसार गर्ने, विद्यालयहरुमा विभिन्न प्रतियोगिताहरू संयोजन गर्ने, मुटु र सम्बन्धित अन्य रोगहरूका बारे मनाइने वार्षिक दिवसहरूलाई प्राथमिकता दिने जस्ता विषयहरू औल्याइएका छन् । स्थानीय सरकारले शिक्षा एवं स्वास्थ्यका लागि बजेट छुट्याउने नै हुँदा स्वास्थ्यतर्फ मुटुको विषय पनि परोस् भन्ने हाम्रो अनुरोध र सो बजेट प्रयोगका लागि प्राविधिक रूपमा सहयोग गर्न प्रतिष्ठान तत्पर रहेको कुरा अवगत गराइएको छ ।

परीक्षण गरिए पश्चात् उपचार गर्नुपर्ने भनी पहिचान भएकाहरूका हकमा अशक्तहरूलाई स्थानीय सरकारका तर्फबाट सक्दो आर्थिक सहयोग प्रदान गर्न अनुरोध गर्नुका साथै काठमाडौँमा अस्पताल एवं चिकित्सकहरूसँग

सम्पर्क एवं उपचारका लागि पहुँच पुऱ्याउने लगायतका कार्यमा सहयोग एवं सहजीकरण गर्ने जिम्मेवारी प्रतिष्ठानले लिने व्यहोरा समेत उहाँहरूलाई अवगत गराइएको छ।

प्रतिष्ठानले Edwards Lifesciences Foundation, Standard Chartered Bank र Rotary Club of Patan सँगको सहकार्यमा यो कार्यक्रम छुट्टा छुट्टै रूपमा विभिन्न विद्यालयहरूमा सन्चालन गरेको हो ।

१. सिरहा जिल्ला



जनकपुरको बाटो हुँदै गएको टोलीले पुगेकै दिन बिहानैदेखि मुटुपरीक्षण कार्य प्रारम्भ गरेको थियो । यस सन्दर्भमा, सिरहा जिल्लाको कर्जनहा र मिर्चैयामा अवस्थित दुई ठूला विद्यालयहरूमा मुटुपरीक्षण गर्ने कार्य सम्पन्न गरी सोही दिन साँझ उदयपुर जिल्लाको कटारीमा गई टोलीले बास बसेको थियो ।

पालिकाहरूमध्ये सबैभन्दा सानो कर्जनहा नगरपालिकामा अधिकांश गरिब र दलित समुदायहरूको बसोबास भएको र कुपोषणका सिकार भएका बालबालिकाहरूको संख्या बढी मात्रै होइन विद्यालय बाहिर भएका बालबालिकाहरूको सङ्ख्या पनि बढी रहेछ ।



कमला नदीपारी बन्दीपुर क्षेत्रमा अन्य विद्यालयहरूबाट समेत छात्रछात्रा जम्मा भई नेपाल राष्ट्रिय फुल कुमारी महतो माध्यमिक विद्यालयमा सबै विद्यार्थीहरूको मुटुपरीक्षण गरिएको थियो ।

मुटुपरीक्षण स्थलमा नै प्रतिष्ठानको टोलीलाई स्वागत गर्न कर्जनहा नगरपालिकाका प्रमुख, भोला प्रसाद पोखरेल, उपप्रमुख, लक्ष्मीकुमारी श्रेष्ठ यादव, वडा नम्बर २ र ३ का अध्यक्षहरूसमेत हुनुहुन्थ्यो । उहाँहरूको सक्रिय संलग्नताका लागि आभार प्रकट गर्दै प्रतिष्ठानको टोलीले सहकार्यका विभिन्न सम्भावित क्षेत्रहरुका विषयमा छलफल गर्यो । *(अनुसूची २)*





सिरहा जिल्लाकै मिर्चैया नगरपालिकामा रहेको श्री मोहन माध्यमिक विद्यालयमा सो नगरपालिकाको प्रमुख, श्रवण कुमार यादवको प्रत्यक्ष पहलमा परीक्षण कार्यक्रम सञ्चालन

गरिएको हो । यस प्रतिष्ठान र रोटरी क्लब अफ पाटनको सहकार्यमा अन्य विद्यालयहरूबाट आएका छात्र छात्राहरूको समेत त्यहाँ मुटुपरीक्षण गर्ने कार्य सम्पन्न गरियो । रोटरीबाट महेश्वरी बिष्ट रावल सहभागी हुनु हुन्थ्यो ।

जिल्ला सदरमुकाममा बैठक भएका कारण नगरप्रमुख केही समयमात्र परीक्षण स्थलमा उपस्थित हुनुहुन्थ्यो । तसर्थ, सोही अवसरमा उहाँसँग सहकार्यका विषयहरूमा संक्षिप्त रूपमा मात्र विमर्श हुन सक्यो ।

कर्जनहाको विद्यालयमा मुटुपरीक्षणको व्यवस्था मिलाउन केन्द्रीय सदस्य, जमुना भुजेलको मुख्य एवं प्रत्यक्ष संलग्नता थियो । यस जिल्लाका दुवै विद्यालयहरूमा मुटुपरीक्षणका सन्दर्भमा मधेस प्रदेशका प्रतिष्ठानका संयोजक, माथुर प्रसाद यादव र सचिवालयकी सचिव, एवं सिरहा जिल्लाको प्रतिष्ठानको शाखाका सभापति, सुशील चन्द्र अधिकारीसमेत खटनु भएको थियो ।

सिरहा जिल्लाका उपरोक्त दुई विद्यालयहरूमा अन्य विद्यालयहरूबाट सामेल हुन आएका समेत गरी जम्मा नौवटा स्कुलका कुल ६,४७१ जना छात्र छात्राहरूको मुटुपरीक्षण गरिएको थियो । परीक्षण गरिएका छात्रछात्रामध्ये ३३० जनाको Echo समेत गरिएको र सोबाट प्राप्त परिणाम अनुसार ६ जनामा RHD र ११ जनामा CHD रहेको पाइएको छ । तीमध्ये १० जना लाई थप उपचारका लागि Refer गरिएको छ ।



कर्जनहामा बाथ मुटुरोग प्रशिक्षक केशव ढकालले विद्यार्थीहरु लाई कक्षा कोठामै मुटुरोगबाट बच्ने उपायहरू बारेमा प्रशिक्षण दिनुभएको थियो ।

२. उदयपुर जिल्ला



कमला, तावा र दुधौली नदीहरूको त्रिवेणीको रूपमा धार्मिक महत्वसमेत रहेको उदयपुर जिल्लाको कटारी नगरपालिकामा टोलीले एकदिनभर विद्यालयका छात्रछात्राहरूको मुटुपरीक्षण र अर्को दिन त्यहाँको प्रदेशस्तरीय अस्पतालमा मुटु स्वास्थ्य शिविर सम्पन्न गरी सोही दिन साँझ सुनसरी जिल्लाको धरानमा गई बास बसेको थियो।

यस जिल्लामा मुटुपरीक्षण गर्ने विषयमा पूर्व तयारी स्वरूप स्थानीयस्तरमा उपलब्ध सञ्चार माध्यमहरूको भरपुर प्रयोग गरी प्रचार प्रसार गरिएको रहेछ । सोका अतिरिक्त, नगर कार्यपालिकाको कार्यालयका तर्फबाट तीन दिन अगावै मुटुपरीक्षण गरिने सबै विद्यालयहरूलाई एउटा पत्र *(अनुसूची ३)* र कटारी अस्पतालमा मुटु स्वास्थ्य शिविर सञ्चालन गरिने भएकोले सर्वसाधारणले लाभ लिन सबै वडा कार्यालय तथा स्वास्थ्य

संस्थाहरूलाई अर्को अनुरोधपत्र पनि पठाइएको रहेछ *(अनुसूची ४)* । उपरोक्तका अलावा प्रतिष्ठानको शाखाको सभापति र नगरपालिकाका प्रमुखले बेग्लाबेग्लै भिडियो सन्देश पनि प्रसारण गर्नुभएको जानकारीमा आएको थियो । यीनै पूर्व तयारीहरूका कारण त्यस जिल्लामा मुटुपरीक्षण कार्य उल्लेखनीय रूपमा सफल भएको छ । यसका लागि प्रतिष्ठानको उदयपुर शाखाका सभापति, पवन कुमार श्रेष्ठ र उहाँको टिम विशेष धन्यवादका पात्र हुनुहुन्छ।



कटारी पुगेकै साँझ शाखाका सभापति तथा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट र अन्य संलग्न व्यक्तिहरूसँग संयुक्त रूपमा छलफल गरी आउँदो दुई दिन सञ्चालन गरिने मुटुपरीक्षण कार्यक्रमको व्यवस्थापनका बारेमा विस्तृत रुपमा विमर्श गरियो ।

दोस्रो दिन नगरपालिकाको कार्यालयमा नगरप्रमुख, राजेश चन्द्र श्रेष्ठको कार्यकक्षमा संक्षिप्त चिनारी र कार्यक्रमको प्रारूप बारे जानकारी गराउने काम भयो। *(अनुसूची ५)*



तत्पश्चात, निज प्रमुख तथा उपप्रमुख, श्रीमती गीता खड्का र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थितिमा जनसरोकारका विषयहरु जस्तै, मुटुरोग र जीवनशैलीका विषयमा डा प्रकाश राज रेग्मी, डा राजेन्द्र कोजु र प्रतिष्ठानका अध्यक्ष, डा सत्यनारायण सुवालले अन्तरक्रिया गर्नुभएको थियो । यस कार्यक्रममा सहभागीहरूको उत्साहपूर्ण उपस्थिति थियो । उक्त अवसरमा, दीपेन्द्र पुरुष ढकालले संगठनका विषय एवं स्थानीय सरकारसँग सहकार्य हुन सक्ने विभिन्न क्षेत्रहरूका बारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रमको समापन गर्दै नगर प्रमुखले मुटु चिकित्सकहरूको सेवा नगरपालिका क्षेत्रमा निरन्तरता राख्न सम्बद्ध सबैको प्राथमिकता रहोस् भन्ने अनुरोध गर्नुभयो । त्यसैगरी, प्रतिष्ठानसँग सहकार्यका विषयमा आफ्नो तर्फबाट सक्दो सहयोग पुऱ्याउने, मुटु स्वास्थ्यका लागि बजेटको व्यवस्था गरिदिने र जनचेतना अभिवृद्धि गर्ने कार्यमा सघाउने समेत प्रतिबद्धता जनाउनुभएको छ ।



यस जिल्लाका २४ वटा विद्यालयका गरी कुल ५,५९६ छात्र छात्राहरूको मुटुपरीक्षण गरिएको छ । तीमध्ये, ५६१ जनाको Echo गरिएको र परिणाम स्वरूप ९ जनामा RHD र १५ जनामा CHD रहेको पाइयो । तीमध्ये, ६ जनालाई थप उपचारको लागि Refer गरिएको छ ।





दोस्रो दिन बिहान ९ बजेदेखि नै कटारीको प्रादेशिक अस्पतालमा सर्वसाधारणको मुटु जाँच गर्ने कार्यक्रम प्रारम्भ गरी दिउँसो ४ बजेसम्म सञ्चालन गरियो । यो बृहद मुटु स्वास्थ्य शिविरमा रक्तचाप एवं सुगर परीक्षण, चिकित्सकद्वारा प्रारम्भिक जाँच, आवश्यकता अनुसार ECG र Echo अनि प्याथोलोजी र एक्सरेको पनि सुविधा उपलब्ध गराइएको थियो । यस प्रयोजनका लागि उक्त अस्पतालले परीक्षणस्थल, प्राविधिक जनशक्ति र आफूसँग उपलब्ध सेवाहरू सहर्ष यस कार्यमा जुटाइदिएको थियो । यो सहकार्यका लागि उक्त अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, डा गौरव शाह र उहाँका सहकर्मीहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ ।





यो स्वास्थ्य शिविरमा कुल ५३३ जनाको मुटुपरीक्षण गर्ने कार्य सम्पन्न गरियो । जसमध्ये २५६ जनाको ECG र १८८ जनाको Echo गरिएको थियो । परीक्षण गरिएका व्यक्तिहरूलाई आवश्यकताको आधारमा देउराली जनता फार्मास्युटिकल उद्योगका तर्फबाट निःशुल्क रुपमा औषधि वितरण पनि गरिएको थियो।

शिविर समापन भएपश्चात अस्पतालकै परिसरमा नगरप्रमुखको अध्यक्षतामा यी दुई दिनमा भएका कार्यहरूको छोटो समीक्षा गरिएको थियो । शिविरको उपलब्धिबारे सन्तुष्टि जनाउँदै नगरप्रमुखले टोलीलाई विदाई गर्नुभयो । *(अनुसूची ६)*

३. सुनसरी जिल्ला

क्षेत्रफलका हिसाबले कोशी प्रदेशकै सबैभन्दा ठूलो सहर, बराह क्षेत्र, पिण्डेश्वर महादेव, दन्तकाली तथा बुढा सुब्बा जस्ता धार्मिक स्थलहरूले सुसज्जित धरान सहरमा प्रतिष्ठानको सुनसरी जिल्ला शाखाको अग्रसरतामा शाखाका सदस्य एवं अन्य प्रतिष्ठित व्यक्तिहरूको उपस्थितिमा बिहानको समयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा ५९ जनाको सहभागिता थियो । *(अनुसूची ७)*



यो भेटघाटमा, जनचेतना अभिवृद्धि तथा संगठन सुदृढीकरणका हिसाबले अपनाउनुपर्ने कार्यप्रणाली एवं भर्खरै पुनः सक्रिय भएको यो शाखाले आगामी दिनहरूमा गर्नुपर्ने कार्यको बारेमा विस्तृत रुपमा विमर्श गरियो । समारोहमा नयाँ आजीवन सदस्यहरूलाई प्रमाणपत्र वितरण गर्ने कार्य पनि भएका थिए । मुकेश अग्रवालको नेतृत्वमा पुनर्गठित यो शाखा सक्रिय हुँदै आएको र यसरी पुनर्जागरण गराउने कार्यमा सघाउने प्रतिष्ठानका कोशी प्रदेशका संयोजक, कृष्ण भक्त श्रेष्ठ समेत विशेष धन्यवादका पात्र छन् ।

अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी टोली भोजपुर तर्फ प्रस्थान गरी त्यही बास बसेको थियो ।

४. भोजपुर जिल्ला

भोजपत्र धेरै मात्रामा पाइने सहर भएकाले यो ठाउँको नाउँ नै भोजपुर रहन गएको किम्वदन्ती छ । बोलीचालीको भाषामा अझै पनि यस क्षेत्रलाई पूर्व ४ नम्बर नै भन्ने पनि गरिन्छ । प्रख्यात धार्मिक स्थल, सिद्धकाली र दिङ्लामा षडानन्द स्वामीद्वारा निर्मित कैलाश महादेवको छत्र छायाँमा हुर्केको यो जिल्ला रुद्राक्ष, खुकुरी, करुवा र तामाका भाँडाहरूको लागि प्रख्यात छ ।

नेपालमै सबैभन्दा पहिले खुलेका विद्यालयहरूमध्ये सन् १८७९ मा स्थापना भएको विद्यालय हाल पनि दिङ्लामा सञ्चालनमा छ । तथापि, अन्य जिल्लाहरूले द्रुततर रूपमा गरिरहेको भौतिक प्रगतिको तुलनामा यो जिल्ला अलि मन्द नै रहेको भान हुन्छ।

वैशाख २७ गते साँझपख टोली भोजपुर पुग्नासाथै त्यहाँको अस्पताल परिसरमा चिकित्सक एवं स्वास्थ्यकर्मीहरूका लागि प्राविधिक तालिम दिने कार्य गरियो । यो तालिममा ११ जना सहभागी थिए । अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट डा पवित्राले नै विशेष चासो लिइदिनुभएकोले यो कार्यक्रम उपलब्धिमूलक रूपमा सम्पन्न हुन सकेको हो ।





भोलिपल्ट बिहानै विद्योदय माध्यमिक विद्यालय प्राङ्गणमा नगरपालिकाका प्रमुख, कैलाश कुमार आलेले छात्र छात्राहरूको मुटुपरीक्षण कार्यको शुभारम्भ गर्नुभएको थियो । यसै अवसरमा टोलीले नगरप्रमुखसँग सहकार्यका लागि सम्भव हुने कार्यहरूबारे अन्यत्र झैं विस्तृत रुपमा छलफल गऱ्यो । उहाँले प्रतिष्ठानले गर्न लागेको यो कामको प्रशंसा गर्दै आगामी दिनमा सहकार्य गर्न सकारात्मक रहेको सन्देश दिनुभएको छ । यस जिल्लामा प्रतिष्ठानको हालसम्म तदर्थ समितिमात्र रहेकोले शाखामा परिणत गर्न उहाँले पनि पहल गरिदिनु हुने र तदर्थ समितिका संयोजक चक्रबहादुर कार्की लाई सघाउने पनि वाचा गर्नुभएको छ । तदर्थ समितिको स्तरमा रहेको भएतापनि कार्कीजीले मुटुपरीक्षण कार्यक्रमको पूर्व तयारीको व्यवस्थापन कुशलतापूर्वक गर्नुभएको रहेछ । उहाँ एक्लै जताततै दौडिरहेको देखिन्थ्यो र उहाँ हरेक मुटुपरीक्षणस्थलमा पुग्नु पनि भएको थियो । उहाँको यस्तो योगदानलाई कदर नगरिरहन सकिन्न ।





यस जिल्लामा गरिएको मुटुपरीक्षणमा सम्झन लायक र सन्तुष्टिदायक कार्य यस्तो रहयो की दुई घण्टा लामो केवल ट्र्याक खोलिएको जस्तो कठिन बाटो पार गरी 'भामराङ' जाँदै गर्दा एउटा ट्रक पल्टिएर बाटो छेकिएको तर जसोतसो पार गरी विद्यालय पुगेर केवल ८५ जना विद्यार्थीको मुटुपरीक्षण गरियो । त्यहाँ आउनु भएका

वडा अध्यक्ष, जिरामणी राईले 'हाम्रो यस्तो ठाउँमा आएर पनि जाँची दिनुभयो, तपाइहरु त भगवान नै हुनु हुदो रहेछ' भनेको सुन्दा सेवाको सही अर्थ प्रकट भएको महसुश हुन्थ्यो । सो विद्यालयमा करिब २ घण्टा परबाट विद्यार्थी सामेल हुन आउने योजना बनाइएको रहेछ, तर टोलीले विद्यालयबाट फर्किंदा बाटोमै रोकिई त्यस्ता विद्यार्थीको मुटुपरीक्षण गर्ने निधो गर्यो । यस अनुसार, फर्किदाखेरि बाटोमै करिब आधा घण्टा कुरेर विद्यार्थीको परीक्षण गर्ने कार्य पनि गरियो । तर त्यहाँ जम्मा ६ जना मात्र विद्यार्थी आएका थिए । यो कार्यलाई सेवाको इमान्दारीपूर्ण प्रयासको रुपमा चित्रण गर्न सकिन्छ ।

समग्रमा, यस जिल्लाका २७ वटा विद्यालयका ३,८०७ छात्र छात्राहरूको मुटुपरीक्षण गरियो । तीमध्ये, ३८७ जनाको Echo गर्दा ९ जनामा RHD र १५ जनामा CHD पहिचान भएको छ । यसरी पहिचान भएकामध्ये ७ जनालाई थप उपचारका लागि रिफर समेत गरिएको छ ।

भोजपुरको कार्यक्रमहरू सिध्याई सोही दिन टोली संखुवासभा गई बास बसेको थियो।

५. संखुवासभा जिल्ला

मकालु वरुण राष्ट्रिय निकुञ्ज, अरुण ३ लगायत धेरै जलविद्युत आयोजनाहरू रहेको स्थल, विश्वकै पाँचौँ अग्लो मकालु हिमाल चढ्न जाने बाटोमा पर्ने, करिब ३ घण्टाको दुरीमा तिब्बतको सिमाना किमाथाङका सम्म पुगिने, आदि जस्ता धेरै सम्भावनाहरू रहेको यो पहाडी जिल्ला अन्य कतिपय जिल्लाहरूको तुलनामा द्रुततर रूपमा भौतिक विकास भइरहेको मध्ये मानिन्छ ।



भोजपुरबाट राति अबेर पुगिएकोले भोलिपल्ट बिहानमात्र रेडक्रसको भवनमा प्रतिष्ठानको जिल्ला शाखाका साथीहरूसँग भेटघाट एवं छलफल गरियो । छलफलमा शाखा सञ्चालन, कार्यक्रमहरू सञ्चालन गर्ने तौर तरिका, स्थानीय सरकारसँग सहकार्य गर्नुपर्ने विषयहरू लगायत जिम्मेवारीका सबै क्षेत्रहरूबारे विमर्श गर्ने काम भयो । शाखाका सभापति, सरोज बज्राचार्यको पहलमा उक्त रेडक्रस भवनमै प्रतिष्ठानको शाखाको कार्यालय पनि स्थापना गरिएको रहेछ । सभापति र उहाँको टिम सक्रिय रहनुभएको कुरा त यस टोलीको कार्यक्रमहरूलाई पूर्ण व्यवस्थित रुपमा संयोजन गर्नुभएको सीपले नै जनाउँछ । *(अनुसूची ८)*



अन्यत्र जस्तै यस जिल्लामा पनि टोलीलाई दुई समूहमा विभाजन गरी विभिन्न स्कुलमा गई छात्रछात्राहरूको मुटुपरीक्षण गर्ने कार्य गरिएको थियो । समग्रमा, यहाँका सातवटा विद्यालयमा गरी ३,८५६ विद्यार्थीहरूको मुटुपरीक्षण र तीमध्ये ३९२ जनाको Echo गरिएको थियो । परीक्षण पश्चात् ९ जनामा RHD र १९ जनामा CHD पहिचान भएका छन् । जसमध्ये १२ जनालाई थप उपचारका लागि रिफर गरिएको छ ।



नगर प्रमुख, महेश थपलिया जिल्लामा नरहनु भएकोले उपप्रमुख, महेश्वरा श्रेष्ठ बज्राचार्यसँग भेट गरिएको थियो । उहाँसँग प्रतिष्ठान ले सहकार्य गर्न सक्ने विभिन्न प्रकृतिका कार्यक्रमहरूबारे छलफल गरिएको छ । यस्तो कार्यमा सघाउन उहाँ उत्सुक नै रहनुभएको महसुस गरिएको छ ।

६. धनकुटा जिल्ला

जिल्ला जिल्लाका मुटुपरीक्षण कार्यक्रमहरू सम्पन्न गरी फर्किंदा साँझपख नै भएपनि धनकुटामा रोकिई त्यस शाखाका सभापति विजय सन्तोषी राई र उहाँका टिमका साथीहरूसँग छलफल गर्ने कार्य गरियो । त्यहाँको पूर्व सभापति, रामकुमारी भण्डारीको विशेष पहलमा यो कार्यक्रम आयोजना हुन सम्भव भएको हो । छलफलमा शाखाले गर्नुपर्ने कार्यहरूको फेहरिस्त बारे विस्तृत रुपमा विमर्श गरियो । धनकुटा शाखाले पटक पटक केही कार्यक्रमहरू सञ्चालन गर्दै आएको र केन्द्रीयस्तरका बैठकहरूमा सहभागी पनि हुँदै आएको विषयमा धन्यवाद व्यक्त गर्दै यो शाखा अझै सक्रिय हुनुपर्ने केन्द्रको दृष्टिकोण रहेको कुरा उहाँहरूलाई अवगत गराइएको छ । *(अनुसूची ९)*



७. मोरङ जिल्ला

कोशी प्रदेशका पहाडी जिल्लाहरुमा मुटुपरीक्षण, तालिम तथा अन्तर्कृया आदि, सबै कार्यक्रमहरु सम्पन्न गरी बिराटनगरको बाटो हुँदै हवाईमार्गबाट काठमाँडौ तर्फ जानेक्रममा प्रतिष्ठानको मोरङ शाखाका तत्काल उपलब्ध साथीहरुसँग शाखा कार्यालयमै छोटो भेटघाट गर्ने अवसर जुर्यो । शाखाका साथीहरुले जिल्लामा गरिएका कार्यहरु र शाखा व्यवस्थापनका विषयमा प्रकाश पार्नु भएको थियो भने केन्द्रका तर्फबाट शाखा कार्यालयहरुले कार्यक्रमहरु सन्चालन गर्दा अपनाउनुपर्ने विधि, स्थानीय सरकारसँग बढाउनुपर्ने सामिप्यता, जनचेतना अभिवृद्धि गर्ने सन्दर्भमा स्थानीय सन्चार माध्यमहरुको उपयोग, लगायत कार्यालय व्यवस्थापन गर्ने र

आम्दानी, खर्चहरुको हिसाब किताब राख्नुपर्ने विषयहरुमा छलफल गरियो । उक्त शाखाका प्रयोजनका लागि प्रतिष्ठानको विधान, आर्थिक प्रसाशन नियमावली र प्रदेश तथा शाखाहरुले कामगर्नका लागि सघाउने

निर्देशिकाका प्रतीहरु पनि छोडेर आइएको छ । यसै अवसरमा, शाखा कार्यालयको पनि अवलोकन गरियो ।



समष्टिमा ५ वटै जिल्लामा भएका मुटुपरीक्षण, तालिम तथा अन्तर्कृया बारेका पूर्ण विवरणहरु *अनुसूचि १०* मा प्रस्तुत गरिएको छ ।

अनुसूची १

Program Schedule for the Heart Screening, Physicians Training and Heart Health Camp in Siraha, Udayapur, Bhojpur and Sankhuwasabha Districts
Date: 23-30 Baisakh, 2083 (May 6- May 13, 2026)

Medical Team:

1. Dr. Prakash Raj Regmi, Senior Consultant Cardiologist, TEAM LEADER
2. Dr. Satya Narayan Suwal, Consultant Physician
3. Dr. Prem Raj Baidya-Senior Consultant Cardio-vascular surgeon
4. Dr. Rajendra Koju, Cardiologist
5. Dr. Achyutananda Lal Karn-Consultant Cardiologist
6. Dr. Denis Shrestha, Consultant Cardiologist
7. Dr. Anjela Baidya, Cardiologist
8. Dr. Sumanta Banjade-Cardiologist
9. RN Anmol Maharjan, Project Manager
10. HA Mohan Man Shrestha, Echo technician
11. Mr. Keshab P. Dhakal, RHD Educator
12. RN Nimala Devkota, Echo technician
13. CMA Sharada Maharjan, Echo technician
14. Saroj Pudasaini, MR
15. Rabin Jaisi, MR

Group A	Group B
Dr. PRR	Dr. PRB
Dr. SNS	Dr. Koju
Dr. Denis	Dr. Anjela
Dr. Sumanta	Dr. Achyut
Saroj	Sharada
Anmol	Mohan
Maheswari	Rabin
Keshav	Dipendra Purush
Nirmala Devkota	Bimala
	K.B. Shrestha

Non-Medical Team (Volunteers):

1. Mr. Dipendra P. Dhakal, Past President NHF
2. Ms. Bimala Maharjan, Program Officer
3. Mr. Krishna Bhakta Shrestha (Province Coordinator)

Rotarians:

1. Ms. Maheswori Bisht Rawal, Rotary Club of Patan,

Coordinators:

Mr. Pawan Kumar Shrestha, NHF Chair, Udayapur
Mr. Saroj Bajracharya, NHF Chair, Sankhuwasabha
Mr. Chakra Bahadur Karki, NHF Coord, Adhoc, Bhojpur
Mr. Krishna Bhakta Shrestha, NHF Province Coordinator, Koshi
Mr. Mukesh Agrawal, NHF Chair, Sunsari
Dr. Gaurav Shah, Medical Superintendent, Udayapur Provincial Hospital
Mr. Shushil Chandra Adhikari, NHF Chair, Siraha, Panchalal Mahato
Mr. Mathur Prasad Yadav, NHF Province Coordinator, Madhesh
Ms Shubhadra Ale, NHF Madhesh Province
Ms Jamuna Bhujel, Member, NHF Central Committee
Mr Bijaya Santoshi Rai, NHF Chair, Dhankuta
Ms Ram Kumari (Bimala) Bhandari, Former Chair NHF Dhanakuta

Date	Time	Event
23 Baisakh May 6 (Wed)	8:00	Non Doctor Team moves from NHF Central Office, Pulchok for Janakpur - Overnight stay @ Janakpur
24 Baisakh May 7 (Thu) *Day 2*	7:00	Doctor Team flies from Kathmandu to Janakpur (approx. 25 minutes)
	8:00	Travel to Siraha (1.15 hrs) Rich Siraha by 10 am
	10:30-15:00	**Heart Screening of School Children in Siraha, (Madhesh Pradesh)** - Phool Kumari Mahato Sec School (approx. 2,500), Karjanha (CSR) - (Gr A) - Mohan Sec. School (approx. 2,000), Mirchaiya (RCP) (Gr B)
	15:00-17:00	Travel from Siraha to Katari, Udayapur (approx. 2 hours)
	18:00-19:00	Meeting with NHF Udayapur Branch Officials for planning
	Overnight Stay @ Katari, Udayapur	
25 Baisakh May 8 (Fri) *Day 3*	10:00-16:00	**Heart Screening of School Children in Katari,** Different schools (approx. 3,000 + 2,500 CSR)
	17:00-18:00	Public Awareness program at Katari, Udayapur
	Overnight Stay @ Katari	
26 Baisakh May 9 (Sat) *Day 4*	9:00-16:00	Heart Health Camp at Katari Hospital
	17:00-19:30	Travel from Katari to Dharan (approx. 2.5 hours)
	Overnight stay @ Dharan	
27 Baisakh May 10 (Sun) *Day 5*	8:00	Meeting with NHF Sunsari Branch/ Public awareness?
	10:30-16:00	Travel from Dharan to Bhojpur (approx. 4.5 hrs)
	17:00-19:30	Training of 10 Physicians at Bhojpur
	Overnight Stay @ Bhojpur	
28 Baisakh May 11 (Mon) *Day 6*	10:00-16:00	**Heart Screening of School Children in Bhojpur** (approx. 4,000)
	16:00-19:00	Travel from Bhojpur to Khandbari, Sankhuwasabha (approx. 3 hours)
	19:00	Meeting with NHF Sankhuwasabha Branch
	Overnight Stay @ Khandbari, Sankhuwasabha	
29 Baisakh May 12 (Tue) *Day 7*	10:00-16:00	**Heart Screening of School Children in Khandbari, Sankhuwasabha** (approx. 5,000)
	16:00-19:00	Travel from Khandbari to Bhedetar
	Overnight stay @ Bhedetar	
30 Baisakh May 13 (Wed) *Day 8*	7:30-9:30	Travel from Bhedetar to Biratnagar (approx. 2 hrs' drive)/ Non Doctor Team travels back to Kathmandu by road.
	13:15	Doctor Team flies back from Biratnagar to Kathmandu (approx. 35 minutes)

अनुसूची २

आज मिति २०८३/१/२४ गतेका दिन सिराहा स्थित कर्जाना नगरपालिका वडा नं २ को श्री नेपाल राष्ट्रिय फूलकुमारी महतो मा.वि वान्दिपुरमा प्रतिष्ठानका केन्द्रीय अध्यक्षको उपस्थितिमा निम्न महानुभावहरुको उपस्थितिमा बैठक बसियो।

क.स	नाम	पद	सम्पर्क नं.	हस्ताक्षर
१.	भोला प्रसाद पोखरेल	प्रमुख	९८६२८२६१५५	
२.	लक्ष्मी रौनियार	उप प्रमुख	९८५६८२६३००	
३.	प्रकाश कोइराला	वडा नं. २ अध्यक्ष	९८०६६२५३	
४.	जगतनाथ यादव	वडा नं. २ सदस्य	९८५५२६२४९	
५.	मानुमन्त गौतम	प्र. अन्वेषाधिकृत	९८५४७६६१५	
६.	डा. राजेन्द्र कोजु	मुटुरोग विशेषज्ञ	९८९००१०५०५	
७.	~~मनोहरी~~ छिट्ट रावल	सदस्य, सेरुवी स्टि. [illegible]	९८५१४१०४२८	
८	Dr. James Sherma			
९.	Dr. Sumanta Ranjan	मुटुरोग विशेषज्ञ	९८५६०२०५६	
१०.	प्रभात कुशवाहा	शिक्षक	९८०८६५०९२६	
११.	रवीन्द्र लकाईं	[illegible]	९८४४८६९४४०	
१२	मुरलीधर [illegible]	[illegible]	९८४२९४४०१५	
१३	[illegible]	[illegible]	९८४१४५१३६५	
१४.	[illegible]	[illegible]	९८४२०७५१५	
१५	Dr. Prem Raj Bardya	NHF Vice Pre	९८४१२०१२५५	
१६	Dr. Anjula Bardya	NHF	९८४१९९३१००	
१७.	Dr. Achutananda Jalkarn	मुटुरोग विशेषज्ञ	९८४५२५६७४०	
१८	Dr. S.N. Sinha	NHF	९८४१२५७६८२	
१९.	Nirmala Devkota	Echo Tech	९८४३२२१५४	
२०.	Tanuja Mangol			
	[illegible]	मं.प. सचिव	९८५५०२९२६८	

अनुसूची ३

कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८२/८३ (शिक्षा)
चलानी नं. (Dispatch No.) : ३ ६९६

मिति:-२०८३/०१/२२

श्री त्रिवेणी माध्यमिक विद्यालय, कटारी-४, कटारी
श्री जनता माध्यमिक विद्यालय, कटारी-२, गुराँसे
श्री जनप्रेमी माध्यमिक विद्यालय, कटारी-७, रिस्कु
श्री माध्यमिक विद्यालय, कटारी-४, मरुवा

विषय : आवश्यक सहयोग तथा सहजीकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय हृदयरोग निवारण प्रतिष्ठान नेपालले कटारी नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको तपसिलको मितिमा मुटु सम्वन्धी Screening Camp संचालन गर्ने भन्ने व्यहोराको पत्र प्राप्त भएको छ । अतः उक्त Camp सञ्चालनमा आवश्यक सहयोग तथा सहजीकरण गरिदिन हुन अनुरोध छ ।

तपसिल

मितिः २०८३/०१/२५ गते शुक्रवार

राजन थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८२/८३(स्वास्थ्य शाखा)
चलानी नं. (Dispatch No.) : ३९३२
मिति(Date): २०८३/०१/२३

श्री वडा कार्यालयहरु सबै,
श्री स्वास्थ्य संस्थाहरु सबै,
कटारी नगरपालिका, कटारी ।

विषय : मुटु स्वास्थ्य परिक्षण शिविर सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल हृदयरोग निवारण प्रतिष्ठान, पुल्चोक, ललितपुरको सहयोगमा मिति २०८३/०१/२६ गते वरिष्ठ मुटुरोग विशेषज्ञहरुद्वारा मुटुरोग भएका बिरामीहरुको स्वास्थ्य परिक्षण, उपचार र परामर्शका साथै मुटुरोगको जोखिम भएका व्यक्तिहरुको लागि स्क्रीनिङ तथा रोग पहिचान र परामर्श कार्यक्रम सञ्चालन हुने भएकोले तहाँ वडामा भएका मुटुरोग सम्बन्धी समस्या भएका व्यक्तिहरु र अन्य मुटुरोग परिक्षण गर्न चाहने सर्वसाधारण व्यक्तिहरुलाई तपसिलको मिति, स्थान र समयमा उपस्थित भई निःशुल्क सेवा लिनु हुन अनुरोध छ ।साथै यस सूचनालाई जानकारी तथा प्रचारप्रसार गराईदिनु हुन आम नागरिकमा अनुरोध गर्दछौं ।

तपसिल :-
मिति : २०८३/०१/२६ गते
स्थान : कटारी अस्पताल
समय : बिहान ९ बजे देखि बेलुका ४ बजे सम्म

राजन थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

आज मिति २०८३।१।२५ गते कटारी नगरपालिका, उदयपुरमा प्रतिष्ठानका अध्यक्ष, डा. सत्यनारायण सुवालज्यूको उपस्थितिमा निम्न व्यक्तिहरुको उपस्थितिमा कटारी नगरपालिका र नेपाल हृदयरोग निवारण प्रतिष्ठान उदयपुर शाखाको संयुक्त सहभागितामा हृदयघात गरियो ।


क्रम	नाम	पद	सम्पर्क नं.	हस्ताक्षर
१.	राजेन्द्र चन्द्र ठेकु	नगर प्रमुख	९७४१२५।३१०	
२.				
३.	रमेश आचार्य	प्र.प्र.अ.	९४५२८३७१११	
४.	सुरेश धारेला	ना.प्र.अ.	३४२३५७४२२	
५.	परेक्ष कुवर	लेखा अधिकृत	९८५४२८०८२७	
६.	अशोक ठेकु	सि. सचिव	९८४२८३६४२४	
७.	डा. राजेन्द्र कोजु	मुटुरोग विशेषज्ञ	९८४९०७०४०९	
८.	अभिमन्यु लामीछाने	पत्रकार	९८४९०८९६९२	
९.	कु. वि. सिंह	वोर्ड सचिव	९८६२०६४९९४	
१०.	पुस्कर खड्का	वडा अध्यक्ष	९८४२८३६९६०	
११	पवन कुमार श्रेष्ठ	उपाध्यक्ष	९८४२८३६५४४	
१२	डा. अच्युतानन्द लाल कर्ण	मुटुरोग विशेषज्ञ	९८४४२४६६	
१३	जयन्त पुलामगर	सचिव (NF)	९८४९२६०१२६	
१४	भुवन कार्की	पत्रकार	९८४२९१२४०४	
१५	डा. सत्य नारायण सुवाल	NHF		
१६	डा. प्रेमराज बैद्य	NHF		
१७	डा. प्रकाशराज रेग्मी	NHF		
१८	दीपेन्द्र पुरुष ठकाल	NHF		
१९	कृष्ण भक्त श्रेष्ठ	NHF		
२०	डा. एन्जेला बैद्य	NHF		
२१	डा. राजेन्द्र कोजु	NHF		
२२	डा. डेनिश श्रेष्ठ	NHF		

अनुसूची ६

आज मिति २०८३।१।१६ गते उदयपुर जिल्ला कटारी अस्पतालको सभाहलमा यस प्रतिष्ठानका अहयक्ष, डा. सत्यनारायण सुवालको उपस्थितिमा कटारी अस्पतालका प्रतिनिधि र नेपाल हृदयरोग निवाण प्रतिष्ठानको सदस्यहरुको संयुक्त उपस्थितिमा स्वास्थ्य परीक्षण (मुटुरोग) शिविर कार्यक्रमको समापन कार्यक्रममा उपस्थित महानुभावहरु

क.स	नाम	पद	सम्पर्क नं.	हस्ताक्षर
१.	राजेश चन्द्र ओझ	नगर प्रमुख	९८४१२५१२१०	
२.	मुस्कर खड्का	वडा अध्यक्ष	९८५२८३६९६०	
३.	गोपेन्द्र सिंह शाक्य	वडा अध्यक्ष-४	९८४१८८४४२६	
४.	केशरमान दोर	पु.ग.उ	९८५१८३३३५५	
५.	पवन कु. अहेर	ने.हृदयरोग नि. प्रतिष्ठान सदस्य	९८५२८३६९४८	
६.	अशोक ओझ	उप-सभापति	९८५१८३६८२६	
७.	Dr. Dewas Shiwakoti			
८.	डा. राजेन्द्र कोजु	मुटु रोग विशेषज्ञ	९८५१०१०५०९	
९.	दीपेन्द्र हर्ष ढकाल	NHF	९८५१०९३३७९	
१०.	निर्मला देवकोटा	NHF	9841322154	
११.	महेश्वरी सिंह दानक	सेटी) कल. पास	9841410725	
१२.	डा. प्रेम राज बैद्य	NHF-vice president	9841201735	
१३.	डा. सन्जेला बैद्य	NHF-Member	9849893100	
१४.	के. वि. ओझ	सयोजक कोशी	9842074115	
१५.	डा. गौरव साह	नै. मु. कार्यालय	9848135832	
१६.	डा. अच्युतानन्द ढकाल	कार्य मुटु रोग विशेषज्ञ	9845256740	
१७.	डा. सुमन पनाडे	मुटुरोग विशेषज्ञ	9852027106	
१८.	डा. सत्यनारायण फुवाल	अध्यक्ष,	9841257682	
१९.	डा. प्रकाश राज जोशी	मुटु " NHF	9851051170	
२०.	बद्री गायक		९८४२९५६५२९	
२१.	अरुण कुमार सर्राफ	उद्योग वाणिज्य संघ, उदयपुर	अध्यक्ष-९८४२८२९६६	
२२.	नवीन बस्नेत	Fta सदस्य	9852060075	
२३.	केदारनाथ ढकाल	ने.आ.हृ.नि	9866891754	

अनुसूची ७




आज मिति २०८३।१।२६ गते धरान उप महानगरपालिकाको सभा कक्षमा केन्द्रीय अध्यक्ष, डा. सत्यनारायण सुवाल्यूको उपस्थितिमा प्रतिष्ठानको सुनसरी शाखाका पदाधिकारीहरूको उपस्थितिमा बैठक / ब्रेकफास्ट साथै अन्तरक्रिया कार्यक्रममा उपस्थित महानुभावहरूको नामावली निम्नानुसार छन्।

क्र.सं.	नाम	संस्था	सम्पर्क नं	हस्ताक्षर
१.	मुकेश अग्रवाल	सुनसरी शाखा	9842025131	
२.	निर्मला पौडेल खरेल	सुनसरी शाखा	9842064633	
३.	डि.वि. श्रेष्ठ (दिनेश)	कास्की प्रदेश	9842074115	
४.	दीपक पुरुष केसी	NHF, Centre	9855095379	
५.	डा. सुमन्त बजगाई	NHF, Cardio	9852027406	
६.	डा माधव विष्ट	विराटनगर	9852071155	
७.	डा. सन्जिव थापा			
८.	डा. राजेन्द्र कोजु			
९.	Rtn. Robin Shrestha	Rotary Dharan	9852047136	
१०.	Rtn. Saurav Agrawal.	NHF, Member	9852045405	
११.	Rtn. Mukesh Kr. Ag. (Todi)	" "	9852045121	
१२.	Rtn Anup Agrawal.	" "	9842025641	
१३	Renuka Khadka	"	9828720700	
१४	Keshav P. Dhakal	NHF Centre	9841701368	
१५	[illegible]	[illegible]	9802755298	
१६	देवेन्द्र [illegible]	[illegible]	९८४२०८६६९	
१७	सरस्वती [illegible]	धरान-६ (भा[illegible]	९८४२०३८९२६	
१८	[illegible]	Birtamod [illegible]	9842054465	
१९	[illegible]	सुनसरी	9812308790	
२०	रामबाबु यादव	धरान	9852062790	
२१.	[illegible]	सुनसरी शाखा	9842036532	
२२	[illegible]	सुनसरी शाखा	९८४२०६६४६	
२३.	[illegible]	सुनसरी	9296362932	
२४	कला थापा	सुनसरी शाखा	9842025328	
२५	[illegible]	"		

(Contd)

क्र.सं.	नाम	संस्था	सम्पर्क नं	हस्ताक्षर
32	सुशिला ह्योपोने	वि.पि.की.स्वा.वि. प्रतिष्ठान	9842169444	सुशिला
33	Ranjita Thapa	B.P.K.I.H.S	9852066380	Ranjita
38	Renuka kumari	B.P.K.B.H.S	9815342265	
39	Ashis Maskey	NHF Sunsari	9852056144	
40.	Sekun Bhusal	धरान	9840593648	
41	[illegible] Subedi.	Dharan-16	9811049382	
42	Alankar Pallichary	Dharan-9	9842024424	
43	Firaj kumar Shrestha	RC Dharan	9842029132	
44	Gaurab Man Shrestha	RC Dharan Ghopa	9852049650	
45	Ganesh Adhikari	RC Dharan Ghopa	9863421980	
46.	Nirmala Pankela	Heart Foundation	9841322154	
47.	Maheswari Bishb Rawal	Rotary-C.Pok	3P4141D725	
४८	[illegible]	[illegible]	[illegible]	
49	Dr. Denis Shrestha.	Cardiologist.		
50	Dr. Achutanand Lal Karn	Cardiologist	9845256740	
51	Dr. Anjela Baidya	Cardiologist	9849893100	
52	Dr Prem Raj Baidya	NHF VP	9842017375	
53	Manita Chanding	Pres.	9842025611	
54	Dr. Satya Narayan Sawal	NHF.	9841257682	
55	Sharada Maharjan	NHF	9841852869	
56	Anmol Meharjan	"	9840070100	
57	[illegible]	"	9840023239	
58	Bimala Maharjan	NHF		
59	Tija Rai	BPKIHS	9811050589	


अनुसूची ८



आज मिति २०८३।१।२९ गते मंगलबार संरक्षण सभा शाखाको अध्यक्ष श्री सरोज भट्टाचार्य को अध्यक्षतामा तेपाल हृदयरोग निवारण प्रतिष्ठान केन्द्रीय अध्यक्ष लगायत अन्य पदाधिकारी तथा दुर्गेशपुरेश इन्चार्ज सहित तल्लो लिखित सदस्यहरु उपस्थित रहनु भयो।

क्र.सं.	नाम	पद	सम्पर्क नं	सही
१.	डा. सत्य नारायण पुरवाल	अध्यक्ष	९८४१२४७६८२	
२.	श्री. सरोज भट्टाचार्य	सभापति		
३.	श्री सरेन्द्र कुमार राई	सदस्य	संरक्षणसभा -९८४२५४७३५२	
४.	श्री [illegible]-चन्द्र डोक	सचिव	,, ९८६९३३३६००	
५.	श्री इर्शा कुमारी पौली	उपाध्यक्षा	,, ९८२०९९९४४५	
६.	श्री वसन्त कुमार शुक्ल	सदस्य	,, ९८६४२४६३२२	
७.	श्री मन्जु पौली	सह कोषाध्यक्ष	,, ९८२४०२९६२४	
८.	श्री. सुवर्ण शाक्य	कोषाध्यक्ष	,, ९८४२५६२९६८	
९.	श्री मैइबरी विष्ट रावल	[illegible]	९८४१४१०७२५ (कार्यालय)	
१०.	श्री दीपक कृष्ण [illegible]	NHF	९८५१०९५३७९	
११.	निर्मला [illegible]	NHF	९८४१३२२१५४	
१२	डा. प्रेम राज पैंथ	NHF UP	९८४१२०१७३५	
१३	डा. [illegible]	NHF	९८५७०२७४०६	
१४	डा. अच्युतानन्द [illegible]	कर्णी मुद्रांका	विशेषज्ञ ९८४५२८६७४०	
१५	डा. राजेन्द्र कोइराला	मधुरेज विशेषज्ञ	९८४९०९०४०८	
१६.	डा. [illegible]	[illegible]	९८४२०६८९९२	
१७	Dr. [illegible] Shrestha	Cardiologist		
१८	डा. [illegible]	NHF		
१९.	Bimala Mahajan	NHF		

अनुसूची ९



आज मिति २०८२।१२।६ गते नेपाल हृदयरोग निदान प्रतिष्ठान धनुषा अन्तर्गत गा.उ.यु.के.धनुषा र सप्तरी जिल्लाका गरेका हार्ट स्क्रिनिङ र निशुल्क मुटु सम्बन्धी औषधि वितरण गरिने बारेमा छलफल समन्वय गरिने बारेमा यहाँहरुको समन्वयमा गरिने निर्णय भयो।

सूची	नाम	पद	फोन	सही
१	विश्व शान्तेश्वरी राई	अध्यक्ष	9842024027	
२	दिलकुमार राई	कार्यपालिका सदस्य	9CX20681596	
३	कुमारी विष्णु दिनेश	सयोजक कोशी	9C820668992	
४	शारदा सन्तोषी राई		9C820660664	
५	निरुपा राई अधिवक्ता	उपाध्यक्ष	9842109052	
६	रामकुमारी (पिला) भण्डारी	पूर्व उपाध्यक्ष	9CX20202CEE	
७	डा. सत्य नारायण दुगाल	अध्यक्ष		
८	डा. प्रकाश ओझा	पूर्व अध्यक्ष		
९	डिपेन्द्र प्रसाद [illegible]	पूर्व अध्यक्ष		
१०	डा. प्रेम राज पन्त	NHF Vice President	9841201735	
११	डा. राजेन्द्र कोइराला	मुटोग विशेषज्ञ	9CX2090202	
१२	Dr. Dewis Shrestha	Cardiologist.		
१३	Dr. Achutanand Lal Karn	Cardiologist	9845256740	
१४	Sanksh Subedi	Janakpurdham	9842522679	
१५	Rana Bahadur Budhathoki	Kuwait Ram Sahayak	Saptidhhumi	
१६	नरेन्द्रबहादुर विष्ट शाक्य	सप्तरी सेटी कलवण्टर	9841410725	
१७	डा. सन्जला सेदाई	NHF	9849898105	
१८	कविता [illegible] राई	"	9842112359	
१९	अमृता राई	"	9842046475	
२०	डा. [illegible] शाक्य	NHF	9852027406	
२१	निर्मला [illegible]	NHF	9841[illegible]	
२२				

अनुसूची १०

Date (Jestha)	**Place**	**Schools**	**Screening**	**Echo**	**RHD⁺** (a)	**CHD⁺** (b)	**Total** (a+b)	**Referral**	**Public Awareness**	**Training**
24th	Karjanha+ Mirchaiya	7	3,177	250		5	5	4		
	Mirchaiya	2	3,294	80	6	6	12	6		
25th	Udayapur	6	2,547	253	4	9	13	4		
		18	3,049	308	5	6	11	2	96	
26th		**Heart Health Camp**: Total Screened-533, ECG-256, Echo-188**								
27th	Dharan								59	
27th	Bhojpur									11
28th		27	3,807	387	9	15	24	7		
29th	Sankhuwasabha	7	3,856	392	9	19	28	12		
	Total	**67**	**19,730**	**1,670**	**33**	**60**	**93**	**35**	**155**	**11**

** 13 Cases were provided with oral penicillin tablets for secondary prevention of RHD

In addition to the programs mentioned above in the five districts, there had been internal interactions also held among the NHF Branch officials in the Dhankuta and Morang districts.

अनुसूची १०.१: Detail of Screenings in each School

S.N	Date	Name of the school	Total No. of Students	Echo Testing	RHD		CHD		Others	Donor
					Identified	Needing Treatment	Identified	Needing Treatment		
	05-08-26-Fri	Shree Dipendra Sec. School, Katari-6, Udayapur	102							
		Shree Adharbhut Bidhyalaya Dhappar	23							
		Shree Janajyoti Basic School Makure	35							
		Shree Saraswoti Sec. School, Katari 5	286							
		Janta Adharbhut Vidhyalaya, Fulbari	102							
		Katari Pathsala	215							
		Shree Secondary School Maruwa	305							
		Shree Devi Secondary School	110							
		Shree Mangal Paropakari Basic School	41							
		Shree Janasakti Basic School, Tintole	38							
		Shree Basic School Janadi Simle	102							
		Shree Kalika Secondary School Katari 7	198							
		Shree Secondary School Kalikhola	301							
		Shree Secondary School Kalyanpur	201							
		Shree Janta Secondary School Guranse	172							
		Shree Saraswati Sec School Hadiaya	142							
		Shree Bhabaridevi Basic School	101							
		Shree Janapremi Secondary School	575	308	5		6	4		
	05-11-26-Mon	Shree Chandi Basic School, Dandabokhim, Bhojpur	65							
		Shree Singhadevi Secondary School	85							
		Shree Kalika Sec School, Helaucha, Bhojpur	206							ELF
		Shree Singh Bahini Basic School	22							
		Shree Singh Puleswori Basic School	64	387						

		Sagarmatha English Sec. School	480							
		Shree Kalika Basic School, Bhojpur 3	15							
		Shree Saraswoti Basic School Pokhare	54							
		Shree Janasewa Basic School, Bankroad	62							
		Yasodhara Secondary School, Taksar	250							
		United Public Academy	455							
		Samata School, New Buspark	352							
		Shree Bhojpur Bahira Basic School	14							
		Sarbajanik Basic School	83							
		Bidyodaya Secondary School	705							
		Shree Devithan Secondary School	26							
		Jyoti Basic School	8							
		Janakalyan Basic School	64							
		Shree Panchakanya Basic School, Paluwa	51							
		Shree Pinnuwa Basic School, Taksar	23							
		Adarsha Shishu Primary School	38							
		Shree Siddheshwar Secondary School	465							
		Dawan English School	80							
		Shree Janjyoti Basic School	38							
		Shree Guptashwor Basic School	24							
		Shree Durgeshwory Basic Schol	14							
		Shree Panchakanya Basic School, Bhojpur	64		9		15	7		
	05-12-26-Tue	Shree Mahendra Sec. School, Manebhanjyang, Sankhuwasabha	785							
		Jalpa Sec. School, Chewar, Sankhuwasabha	118							
		Shree Manakamana Ratna Ambika Sec. School	1,449							
		Shree Himalya Sec School	871							
		Shree Adarsha Sec School	227							
		Shree Adarsha Sec Bidhya Mandir	201	392						

		Bagishwari Secondary School	205		9		18	12	1	
	05-07-26-Thu	Ka Ka Sishu Sadan, Bandipur Siraha	60							
		Shree Nepal Rastriya Ful Kumari Mahato SS	1,002							
		Shree Nanda Baba SS	452							
		Shree Janta Basic School	325							
		Polar Star SS, Mirchaiya	850							
		Ram Janaki Vidya Mandir, Mirchaiya	312							
		Shree Adharbhut Bidhyalaya, Mirchaiya	176	250			5	4		**SCB**
	05-08-26-Fri	Udayapur Saugat Academy, Udayapur	207							
		Victory Public Academy	102							
		Shree Pashupati Basic School	35							
		Triveni Educational Academy	408							
		Shree Triveni Sec School	1,780							
		Devi Basic School	15	253	4		9	4		
	07-May	Mohan Sec School	2,089	56						RCP
		Times Secondary School	1,205	24	6		6	6		
			19,730	1,670	33	0	59	37	1	